Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np, daopyuthan2074@gmail.com

# नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
## प्युठान

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्याः- ०७८/०७९
चलानी नः 2290

मितिः- २०७८।०८।०६

विषयः- मासिक प्रगति विवरण पठाइएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
नीति, योजना, अनुगमन तथा मूल्याँकन महाशाखा,
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस कार्यालय र यस कार्यालय अन्तरगत इलाका प्रशासन कार्यालय जसपुर, प्यूठानबाट मिति २०७८ मंसिर १ गते देखि २०७८ मंसिर मसान्तसम्म सम्पादन भएका कामहरुको प्रगति विवरण पाना थान- ५(पाँच) यसै साथ संलग्न राखी पठाइएको व्यहोरा सादर अनुरोध छ ।

2078/08/06
प्रशासकीय अधिकृत

| सि.नं. | सेवाको किसिम | जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएका सेवा | | | इलाका प्रशासन कार्यालय जस्पुरबाट प्रदान गरिएका सेवा | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | गत महिना सम्मको जम्मा | मंसिर महिनाको जम्मा | कूल जम्मा | गत महिना सम्मको जम्मा | मंसिर महिनाको जम्मा | कूल जम्मा | |
| १ | नागरिकता प्रमाणपत्र वितरण | | | | | | | |
| | क) बंशजको आधारमा नागरिकता प्रमाणपत्र वितरण | २५९३ | ७६० | ३३५३ | ९९५ | ६४३ | १६३८ | |
| | ख) नागरिकता प्रमाण पत्र प्रतिलिपी वितरण | १३०९ | ६८६ | १९९५ | ३२२ | १४० | ४६२ | |
| | ग) बैबाहिक अंगिकृत नागरिकता प्रमाणपत्र वितरण | - | - | - | | - | | |
| २ | नाबालक परिचय पत्र वितरण | ३ | ४ | ७ | | - | | |
| ३ | राहदानी वितरण | | | | | | | |
| | क) कार्यालयबाट सिफारिस | ९९२ | ७७ | १०६९ | २६९ | ४ | २७३ | |
| | ख) द्रुत सिफारिस | ६२४ | २५७ | ८८१ | १४८ | ३४ | १८२ | |
| | ग) राहदानी वितरण | ६८७ | १६१ | ८४८ | २४९ | ५४ | ३०३ | |
| ४ | राष्ट्रिय परिचयपत्र दर्ता | | | | | | | |
| | दर्ता | २४७७ | ९४० | ३४१७ | | - | | |
| ५ | सिफारिस | | | | | | | |
| | क) भारतीय पेन्सनरका लागि | ७७ | १७ | ९४ | - | - | | |
| | ख) आदिवासी जनजातीको सिफारिस | ३४७ | ५६ | ४०३ | १२९ | १८ | १४७ | |
| | ग) दलित जातीको सिफारिस | २१५ | ४१ | २५६ | ४५ | १६ | ६१ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घ) चालचलन प्रमाणित | | १९ | १ | २० | - | - | |
| | ङ) नामथर प्रमाणित | | २१२ | ४४ | २५६ | ५३ | ९ | ६२ |
| | च) अन्य सिफारिस | | ४७ | ६ | ५३ | - | - | - |
| ६ | सहायता कक्षबाट प्रदान गरिएको | | १५०० | ५६९ | २०६९ | ५१५ | ३६५ | ८८० |
| ७ | मुद्दा किसिम | | मंसिर महिनाको | | | | | |
| | | | दर्ता | फैसला | | | | |
| | क) सार्वजनिक नैतिकता विरुद्ध | | १ | - | | | | |
| | ख) क्षतिपूर्ति | | - | - | | | - | - |
| | ग) हातहतियार | | - | - | | | - | - |
| | घ) कालो बजार | | - | - | | | - | - |
| ८ | ठाडो उजुरी | | २ | २ | | | - | - |
| ९ | बजार अनुगमन | | - | | | | - | - |
| १० | कार्यालय अनुगमन | | - | | | | - | |
| ११ | राजश्व संकलन राहदानीबाट | | गत महिना सम्मको | मंसिर महिनाको | कूल जम्मा | गत महिना सम्मको | मंसिर महिनाको | कूल जम्मा |
| | | | ५३,७५,७५०। | २,९२,५००। | ५६,६८,२५०। | १३,५०,००० | २०,०००। | १३,५०,००० |
| १२ | अन्यबाट राजश्व संकलन | | २,१६,२५०। | २१,४००। | २,३७,६५०। | - | - | - |
| १३ | राहत वितरण (बाढी, पहिरो, आगलागी, चट्याङ, हावाहुरी, असिना र पानी) | कार्यालयबाट | ४,४३,०००। | ४०,०००। | ४,८३,०००। | - | - | - |
| | | लुम्बिनी प्रदेश सरकारबाट | ८,२०,०००। | - | ८,२०,०००। | - | - | - |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | हातहतियार नामसारी / नविकरण | - | ०/४ | ०/४ | | | |
| १५ | संघ संस्था दर्ता / नविकरण | | ०/४ | ०/४ | | | |
| १६ | हतियार मर्मत सम्बन्धी अनुमति पत्र / नविकरण | | ०/० | ०/० | | | |
| १७ | विष्फोटक पदार्थ इजाजत पत्र / नविकरण | | - | - | | | |

१९. यस कार्यालयबाट भएका अन्य कार्यहरु:-

क) कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यहरु

- यस जिल्लामा मिति २०७८/०८/२९ गतेसम्म कूल ३९५८ जनामा कोभिड-१९ संक्रमण देखिएको छ । यसमा पि.सि.आर. परिक्षण ६९१३ जनाको गरिएकोमा १२२६ जना संक्रमित र Antigen परिक्षण ७४६५ जनाको गरिएकोमा २७३२ जना संक्रमित भेटिएका छन् ।कोभिड-१९ संक्रमण भई मृत्यू हुने ७७ जना, ०३ उपचाररत, उपचार पछी निको भई घर फर्कने ३८७८ जना छन भने स्वास्थ्यको पूर्वाधारहरुमा अस्पताल ९ वटा, वेड संख्या ५७, अक्सिजिन सिलिण्डर २०१, HDU Bed १० वटा रहेको छ भने ICU र भेन्टिलेटर नरहेको अवस्था छ ।
- जिल्लामा कोभिड-१९ कोरोना संक्रमण रोकथाम नियन्त्रणका लागि जिल्लामा अनिवार्य रुपमा जनस्वास्थ्यका मापदण्डहरु पालना गरी निषेधाज्ञा खुकुलो बनाई निरन्तरता दिइएको साथै निषेधाज्ञाको कारण स्वास्थ्य सेवा लगायत अन्य अत्यावश्यक सेवा सञ्चालनका सम्बन्धमा पर्नसक्ने कठिनाई तथा असहजतालाई समन्वय तथा सहजीकरण गर्ने गरिएको छ ।
- नेपाल सरकारको नीति अनुसार नागरिकहरुलाई खोपको पहिलो मात्रा जम्मा ११६२८७ जनालाई र खोपको दोस्रो मात्रा जम्मा ५७५९८ जना व्यक्तिहरुलाई लगाइएको छ ।
- कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका पदाधिकारीहरुबाट जिल्ला स्थित आइसोलेसन केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरि सहयोग, समन्वय र निर्देशन दिने गरिएको छ ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय प्युठान

प्रशासकीय अधिकृत

- जिल्लामा कोभिड-१९ को नयाँ भेरियन्ट सहित बढ्दै जाने सम्भावना रहेको हुनाले सार्वजनिक सवारी साधनहरुमा अत्याधिक भिडभाड भई कोरोना संक्रमण फैलन नदिनका लागि सवारी साधनको क्षमताभन्दा बढी यात्रु राख्न नदिने र स्वास्थ्य सुरक्षाका मापदण्डहरु (स्यानीटाइजरको प्रयोग गर्ने, मास्क प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने) पालना गरिएको छ।
- जिल्ला स्तरीय आइसोलेसन केन्द्र सञ्चालनका लागि जनशक्ति अभाव हुन नदिन स्थानीय तहका स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्यकर्मीहरु आलोपालो मिलाउन स्थानीय तहका स्वास्थ्य शाखासँग समन्वय गर्ने गरिएकोमा हाल जिल्ला आइसोलेसन केन्द्रमा विरामी कम भएको कारणले हाललाई स्थानीय तहबाट आलोपालो गरी स्वास्थ्यका जनशक्ति व्यवस्थापन गर्नु नपर्ने बनाइएको छ।
- जिल्लामा अस्पताल लगायत स्वास्थ्य संस्थाहरुमा अक्सिजनको सहज आपूर्ति व्यवस्थाको लागि प्यूठान अस्पतालमा मध्यम स्तरको अक्सिजन प्लान्टको निर्माण गरिएको छ ।

ख) शान्ति सुरक्षा र अमनचैन सम्बन्धी कार्य

- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षाका सबै निकायहरुले सूचना संकलन, विश्लेषण गरी गस्ती, पट्रोलिङ, LRP तथा Joint Operation लगायतका सुरक्षा कारवाही गरी सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाईएको छ ।
- सुरक्षाकर्मीहरुको परिचालन गरी त्यस्ता किसिमका गैरकानूनी क्रियाकलामहरु निस्तेज पारी कानून बमोजिम कारबाही गरिएको र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त र प्रभावकारी बनाईएको छ ।
- जिल्लामा अत्याधिक चिसो, शितलहर, हिमपातका कारण हुन सक्ने क्षती हुन नदिनका लागि सुरक्षा निकायहरुले सम्बन्धित स्थानीय तहहरु र अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी समयमै सहजिकरण गर्ने गरिएको।
- सुरक्षा समितिको नियमित तथा आवश्यकता अनुसार गरी २ वटा बैठकहरु सम्पन्न भएका छन् ।

ग) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुः-

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी विभिन्न निर्णयहरु भएको र उक्त निर्णयहरु कार्यान्वयनका लागि सरोकारवाला सबैसँग समन्वय र सहजीकरण गरिएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत

- जिल्लामा अत्याधिक चिसो, शितलहर, हिमपातका कारण हुन सक्ने क्षती हुन नदिनका लागि सुरक्षा निकायहरुले सम्बन्धित स्थानीय तहहरु र अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी समयमै सहजिकरण गर्ने गरिएको।
- जिल्ला स्थित सबै स्थानीय तहहरुले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता राखी स्थानीय विपद् व्यवस्थापन समितिलाई थप क्रियासिल बनाई नजिकको सुरक्षा निकायसँग समन्वय गरेर विपद्का सभाव्य घटनाहरुको न्यूनीकरण गर्न पहल गर्ने ।
- विपद्मा परेका व्यक्तिहरुकोलागि निजी आवास पुनर्निर्माण सम्बन्धी विषयमा निर्देशन सहित समग्र विपद् जोखिम न्यूनीकरणका तथा व्यवस्थापनका विषयमा अन्तरक्रियात्मक रुपमा कार्यक्रम गरिएको ।

घ) सुशासन सम्बन्धी कार्यहरुः-

- दैनिक प्रतिवेदन प्रणाली (DRS) र मासिक प्रगति प्रतिवेदन पठाइएको ।
- लुम्बिनी प्रदेश, आर्थिक मामिला तथा सहकारी मन्त्रीज्यूको आथित्यतामा जिल्लामा कार्यालयहरुले प्राथमिकतासाथ योजनाहरु अघि बढाउने, गुणस्तरीय रुपमा निर्माण सम्पन्न गर्ने र पूँजिगत खर्च बढ्ने गरी कार्यक्रम सञ्चालन गर्न समन्वय बैठक गरिएको ।
- नियमित स्टाफ मिटिङ गरी सेवा प्रवाहलाई प्रभावकारी, नागरिकमैत्री बनाउने तथा आइपरेका समस्या समाधानका लागि छलफल गर्ने गरिएको ।
- जिल्लास्थित सरकारी कार्यालयको कार्यालय प्रमुखको नियमित बैठक बसी आइपरेका समस्याहरुको बारेमा छलफल तथा सहजिकरण गरिएको ।
- सबै सरकारी कार्यालयहरुले सरकारी सम्पत्तिको दुपयोग हुन नदिने तर्फ विशेष ध्यान दिई त्यसको रेखदेख तथा संरक्षणमा गर्नेगराउने व्यवस्था मिलाइएको ।
- युवा स्वरोजगार कोष अन्तरगत कर्जा असुली उपसमितिको बैठक बसी जिल्लामा लगानी भएको कर्जा र असुली हुन बाँकी कर्जाको विवरण संकलन गरी आगामी बैठकमा पेश गर्न भनीएको ।
- जिल्ला स्तरीय विषयगत क्षेत्र समन्वय समितिको बैठक बसि विभिन्न निर्णय गरिएको ।
- गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा अन्य तालुक निकायहरुबाट प्राप्त निर्देशन र परिपत्र आदीको कार्यान्वयन गर्ने गरिएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत